| शब्द | परिभाषा | चित्र |
|---|---|---|
| **ऐम्प्युटेशन (विच्छेदन)** | शरीरको कुनै भाग गुमाउनु, उदाहरणका लागि खुट्टा वा हात। | |
| **बाथ** | एक स्वास्थ्य समस्या, जसमा व्यक्तिको जोर्नीहरू कडा, सुन्निने र / वा चलाउँदा दुख्ने हुन्छ। | |
| **बाल मस्तिष्क पक्षघात** | ब्यक्तिको चाल, मांसपेशीको टोन, सन्तुलन र शरिरको पोस्चर लाई असर गर्ने अवस्थाहरूको समूह। बाल मस्तिष्क पक्षघात जन्म हुनु अघि, जन्मेको समयमा वा जन्म लगत्तै मस्तिष्कमा हुने क्षतिको परिणाम हो। | |
| **मधुमेह** | रगतमा चिनीको मात्रा बढी हुने रोग । यसले धेरै स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ: शरीरका भागहरू (विशेष गरी खुट्टा) महसुस गर्न कठिनाई र फलस्वरूप पाईतालामा घाउहरू हुने, बिस्तारै दृष्टि गुम्ने, मृगौलामा क्षति पुग्ने, पिसाबको असंयम (चुहिने) र कुराहरू सम्झन कठिनाइ हुने। | |
| **मधुमेही पाईतालामा हुने घाऊ** | पाईतालाको छाला फुट्नु । पाईतालामा घाऊ हुनु मधुमेह र अन्य स्वास्थ्य अवस्थाहरूको जटिलता हुन् जसले पाईतालामा महसूस कम गर्दछ। यदि उपचार गरिएन भने, मधुमेहीमा पाईतालामा हुगे घाऊले एम्प्युटेशन (विच्छेदन) गर्नुपर्ने हुनसक्छ । मधुमेही पाईतालामा हुने घाऊलाई पाईतालाको अल्सर पनि भनिन्छ। |  |
| **सामात्ने बार** | मानिसलाई सन्तुलन वा हिंड्नको लागि सहयोग होस् भनेर राखिएको एक स्थिर पट्टी / बार । |  |
| **स्वस्थता** | शारीरिक रूपमा बलियो र स्वस्थ हुनु। | |
| **कमजोर** | कमजोर, नाजुक तथा कम शक्ति भएको। प्रायः मानिसहरुको उमेर ढल्दै जाँदा र स्वास्थ्य बिग्रँदै जाँदा हुने गर्छ । | |
| **अर्थोसिस्** | एक ब्रेस वा स्प्लिन्ट (काम्रो) जसले व्यक्तिको शरीरको भागलाई आड दिन्छ। यसले दुखाइ कम गर्न, हिँड्न मद्दत गर्न वा अनावश्यकरुपमा चल्नबाट रोक्न मद्दत गर्छ । |  |
| **पक्षघात** | शरीरको भाग (सामान्यतया खुट्टा वा हात) चलाउन नसक्नु । | |
| **पोलियो** | एक गम्भीर संक्रामक रोग जसले व्यक्तिको मांसपेशी कमजोर वा पक्षाघात हुन सक्छ। यसले संक्रमणबाट निको भइसकेपछि पनि उनीहरूको गतिशीलतालाई असर गर्छ। | |
| **प्रेसर वुण्ड** | प्रेसर वुण्ड छाला टुट्नु हो। यो सामान्यतया हड्डी माथिको छालामा हुन्छ र यो समस्या दबाव महसुस गर्न नसक्ने, वा हिँड्डुल गर्न नसक्ने र बसाईको स्थिति परिवर्तन गर्न समस्या भएका व्यक्तिहरूमा हुने एक सामान्य समस्या हो । | |

| | | |
|---|---|---|
| **प्रोस्थेसिस्** | एउटा कृत्रिम खुट्टा (हात पनि) जसले शरीरको हराएको भाग (जस्तै खुट्टा) लाई प्रतिस्थापन गर्छ। |  |
| **रोलेटर** | चार पाङ्ग्रे वाल्कर | |
| **स्वहेरचाह** | स्वहेरचाह भनेको आफुले आफ्नो हेरचाह गर्नु हो। एक व्यक्तिले आफ्नो हेरचाहको लागि प्रत्येक दिन आधारभूत व्यक्तिगत आवश्यकताहरू सञ्चालन गर्न गर्ने स्वहेरचाह गतिविधिहरूमा ट्याप केन्द्रित छ। उदाहरणका लागि: नुहाउने, शौचालय जाने, लुगा लगाउने, खाने र पिउने। | |
| **महसूस** | स्पर्श, दबाब र दुखाइ महसुस गर्ने क्षमता। | |
| **मेरुदण्ड को पक्षघात** | मेरुदण्डमा हुने क्षति, जुन सामान्यतया दुर्घटना वा रोगको कारणले हुन्छ। मेरुदण्डमा चोट लागेपछि, शरीर र मस्तिष्क बीचको सन्देशहरू पुग्न सक्दैनन्। प्रायः व्यक्तिलाई एक ठाउँ बाट अर्को ठाउँ सर्न सक्दैनन् (पक्षाघात हुन्छ) र चोट परेको भाग भन्दा तल महसुस गर्न सक्दैनन् । | |
| **मस्तिष्कघात** | मस्तिष्कमा रक्त प्रवाह अवरुद्ध हुने। यसले शरीरको एक भाग कमजोर वा पक्षाघात हुनुका साथै बोल्न, महसुस गर्न, सोच्न र हेर्नमा समस्या ल्याउन सक्छ। | |
| **स्टम्प** | एम्प्युटेशन (विच्छेदन) पछि, स्वस्थ जोर्नी भन्दा मुनि छोडिएको हात वा खुट्टाको भागलाई अवशिष्ट (बाँकी) अंग भनिन्छ, वा सामान्यतया, स्टम्प भनिन्छ। |  |
| **उपचारात्मक जुत्ता** | उपचारात्मक जुत्ताहरू हिड्न सक्ने मानिसहरूका लागि जुत्ता र इन्सोलहरू हुन्, तर तिनीहरूको खुट्टालाई दबाब र घर्षन बाट जोगाउन आवश्यक हुन्छ। |  |
| **स्थानान्तरण** | आफ्नो शरीरलाई एक ठाउँबाट अर्को ठाउँमा सार्नु। |  |
| **भार वहन** | एक व्यक्तिले आफ्नो खुट्टा (हरु) मार्फत राख्न सक्ने वजनको मात्रा। | |